# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चौतारा,सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०७९/०८०
चलानी नम्बर: २४५

**सूचना । सूचना ॥ सूचना ॥।**
**प्रथम पटक प्रकाशित मिति :-२०७९/०६/०४**

यस नगरपालीकाको आ.व.२०७९/८० को पशु सेवा तर्फ स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्न चौतारा सांगाचोकगढी नगरपालीका भित्रका उल्लेखित मापदण्ड पुगेको (आ.व.२०७८/०७९ मा अनुदान प्राप्त नगरेका) ईच्छुक कृषक/कृषक समुह/उद्यमि/सहकारीहरुले मिति २०७९/०७/०४ गते भित्र तोकिएको ढांचामा चौतारा सांगाचोकगढि नगरपालीकाको पशु सेवा शाखामा निवेदन पेश गर्न यो सुचना प्रकाशित गरिएको छ । रित नपुगी आएका निवेदनहरु उक्त कार्यक्रममा समावेश गरिने छैन र प्राप्त निवेदनहरु छानविन गरी स्वीकृत गर्ने वा नगर्ने अधिकार नगरपालिकामा रहनेछ ।

तपसिल

| सि. नं. | कार्यक्रम विवरण | संचालन गर्न सकिने मुख्य मुख्य कृयाकलापहरु | आवस्यक कागजातहरु तथा मापदण्डहरु |
|---|---|---|---|
| १ | व्यवसायिक वाखा पालन कार्यक्रम | खोर निर्माण सुधार,जैविक सुरक्षाको लागी फेन्सीङ,डिपिङ ट्यांक,घांस विकास तथा नर्शरी स्थापना,प्रजननको वोका खरिद तथा आवस्यक उपकरणहरु खरिद | १. व्यवसायिक फार्ममा पशुहरु देखिने फोटो १ प्रति<br>२. नेपाली नागरिकताको प्रतिलिपि<br>३. व्यवसायिक फर्म दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि,<br>४. सम्बन्धित वडाको सिफारीस<br>५. पुरुष व्यवसायिको हकमा कम्तीमा २० वटा माउ वाखा पालि रहेको र महिला व्यवसायिको हकमा कम्तीमा १० माउ वाखा पालि रहेको व्यवसायि |
| २ | व्यवसायिक वंगुरपालन कार्यक्रम | खोर निर्माण सुधार,प्रजननको लागी भाले वंगुर खरिद,जैविक सुरक्षा, तथा आवस्यक उपकरणहरु खरिद | १. व्यवसायिक फार्ममा पशुहरु देखिने फोटो १ प्रति<br>२. नेपाली नागरिकताको प्रतिलिपि<br>३. व्यवसायिक फर्म दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि,<br>४. सम्बन्धित वडाको सिफारीस<br>५. वच्चा उत्पादनको लागी भए कम्तीमा ५वटा माउ वंगुर र मासु उत्पादनको लागी भए १५ वटा पाठापाठी पालि रहेको व्यवसायि |
| ३ | व्यवसायिक गाई भैसी पालन कार्यक्रम | गोठ निर्माण सुधार,जैविक सुरक्षाको लागी फेन्सीङ,घांस विकास तथा नर्शरी स्थापना, तथा आवस्यक उपकरणहरु खरिद | १. व्यवसायिक फार्ममा पशुहरु देखिने फोटो १ प्रति<br>२. नेपाली नागरिकताको प्रतिलिपि<br>३. व्यवसायिक फर्म दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि,<br>४. सम्बन्धित वडाको सिफारीस<br>५. विमा गरेको प्रमाण<br>६. दुहुना वा व्याउने ५ माउ गाई भैसी भन्दा वढि,पालन गरि रहेको कृषक |
| ४ | लेयर्स कुखुरा पालनमा अनुदान | लेयर्स चल्ला खरिद,खोर निर्माण सुधार,जैविक सुरक्षा, उपकरण खरीद | १. व्यवसायिक फार्ममा कुखुराहरु देखिने फोटो १ प्रति<br>२. नेपाली नागरिकताको प्रतिलिपि<br>३. व्यवसायिक फर्म दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि,<br>४. सम्बन्धित वडाको सिफारीस<br>५. ५०० भन्दा बढि लेयर्स कुखुरा पालन गरि रहेको |

**अनुसूची फारामहरु सम्बन्धीत निकायमा उपलव्ध हुनेछ ।**

..............................
**(राम बहादुर के.सी.)**
**प्रमुख प्रशासकीय अधिकृत**

२०७९।६।४